# महालेखापरीक्षकको कार्यालय

## ५६ औं वार्षिकोत्सव समारोह, २०७१

महालेखापरीक्षकको कार्यालयको ५६ औं वार्षिकोत्सव समारोह सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा २०७१।०३।१४ मा सम्पन्न गरियो । विभिन्न कार्यक्रमहरू सञ्चालन गरी मनाइएकोसमारोहमा सम्माननीय उपराष्ट्रपति श्री परमानन्द झा, सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, माननीय अर्थमन्त्री डा.रामशरण महतको गरिमामय उपस्थिति रहेको थियो । साथै समारोहमा संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरू, प्रधान सेनापति, पूर्वमहालेखापरीक्षकहरू, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरू, विभिन्न मन्त्रालयका सचिवहरू तथा विशिष्ट श्रेणीका पदाधिकारीहरू, सुरक्षा निकायका प्रमुखहरू, पूर्वकार्यवाहक महालेखापरीक्षकहरू, पूर्वउप-महालेखापरीक्षकहरूलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । सो समारोहमा सम्माननीय राष्ट्रपतिबाट पूर्वमहालेखापरीक्षक श्री नरकान्त अधिकारी तथा श्री मधुसूदन ढकाललाई उहाँहरूले आफ्नो कार्यकालमा पुऱ्याउनुभएको योगदानको कदर स्वरुप सम्मान गर्नुभएको थियो । त्यस्तै समारोहमा उपराष्ट्रपति श्री परमानन्द झाले **"मुलुकी सुशासन प्रवर्धनमा महालेखापरीक्षकको भूमिका"** विषयको देशव्यापी निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनुभएका प्रतियोगीहरूलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

समारोहलाई सम्माननीय राष्ट्रपतिज्यूले सम्बोधन गर्नुभएको थियो । सम्बोधनमा नयाँ बन्ने संविधानमा महालेखापरीक्षकको भूमिका, संरचना र कार्यप्रणाली विश्वका अधिकांश लोकतान्त्रिक मुलुकहरूले अवलम्बन गरेअनुरुप हुन जरुरी रहेको धारणा व्यक्त गर्नुभयो । समारोहमा माननीय अर्थमन्त्री डा.रामशरण महत, महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य, उपमहालेखापरीक्षक श्री विमला सुवेदीले महालेखापरीक्षकको कार्यालयका काम कर्तव्य र अधिकार एवं भूमिका सम्बन्धमा प्रकाश पार्नुभएको थियो । समारोहको संयोजक नायब महालेखापरीक्षक श्री ईश्वरराज श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो । समारोहको सञ्चालन नायब महालेखापरीक्षक श्री बाबुराम गौतमले गर्नुभएको थियो । वार्षिकोत्सव समारोहमा यस कार्यालयका सम्पूर्ण कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।



*वार्षिकोत्सवमा सम्माननीय राष्ट्रपतिले सम्बोधन गर्नुहुँदै*

वार्षिकोत्सव समारोहको उपलक्ष्यमा देहायअनुसार कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

| सि.नं | कार्यक्रम | सञ्चालन मिति | विवरण |
|---|---|---|---|
| १ | फुटबल प्रतियोगिता | २०७१।०३।०६ | ए.जी. फुटबल प्रतियोगितामा श्री सत्यनारायण थापाको नेतृत्वको सेतो एघार टिम प्रथम भएको । |
| २ | हाजिरी जवाफ प्रतियोगिता | २०७१।०३।१०<br>२०७१।०३।११ | श्री अर्जुन गिरी, श्री शिब कोइराला र श्री जयप्रसाद गौतमको टिम प्रथम भएको । |
| ३ | क्यारेम बोर्ड प्रतियोगिता | २०७१।०३।०८-<br>२०७१।०३।१२ | श्री विष्णुकुमार श्रेष्ठ प्रथम, श्री रामचन्द्र श्रेष्ठ द्वितीय र श्री गणेशकुमार श्रेष्ठ तृतीय हुनुभएको । |
| ४ | अन्तरक्रिया | २०७१।०३।०९ | लेखापरीक्षण सल्लाहकार समितिका सदस्य श्री भरतबहादुर थापाले कार्यपत्र पेश गर्नुभएको र सो कार्यपत्र सम्बन्धमा सो समितिका अन्य सदस्यहरू तथा कार्यालयका कर्मचारीहरूबीच छलफल भएको । |
| ५ | म्युजिकल चेयर | २०७१।०३।१० | श्री दीपकराज आचार्य प्रथम, श्री जयप्रसाद गौतम द्वितीय र श्री नारायण प्रसाद आचार्य तृतीय हुनुभएको । |
| ६ | रक्तदान | २०७१।०३।११ | कार्यालयका ५८ कर्मचारीले रक्तदान गर्नुभएको । |
| ७ | निबन्ध प्रतियोगिता | २०७१।०३।१४ | श्री बैभवदीप श्रेष्ठ प्रथम, श्री रमा अधिकारी “कादम्बरी” द्वितीय र श्री नृपराज जोशी तृतीय हुनुभएको । |
| ८ | कविता प्रतियोगिता | २०७१।०३।१२ | श्री चिरञ्जीवी रेग्मी प्रथम, श्री सन्तोष सापकोटा द्वितीय र श्री सहनशीला पुडासैनी तृतीय हुनुभएको । |
| ९ | कर्मचारी सम्मान तथा विजयी कर्मचारीलाई पुरस्कार वितरण | २०७१।०३।१२ | यस कार्यालयमा कार्यरत ३० वर्ष सरकारी सेवा अवधि पूरा गर्नुभएका १६ र २०७० आषाढ १६ देखि २०७१ आषाढ १५ सम्म अवकाश प्राप्त गरेका १३ कर्मचारीलाई सम्मान गरिएको, विभिन्न प्रतियोगितामा विजयी कर्मचारीलाई पुरस्कार वितरण र सुशासन ऐनको व्यवस्थाअनुरुप २० कर्मचारीहरुलाई तलब वृद्धि तथा नगद पुरस्कार वितरण गरिएको । |

प्रतियोगितामा विजयी एवं पुरस्कृत कर्मचारीहरूलाई श्रीमान् महालेखापरीक्षकज्यूले २०७१।०३।१२ मा पुरस्कार वितरण गर्नुभएको थियो ।